नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
# स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
(डोलिडार)
नारायण भवन, जावलाखेल, ललितपुर

च.नं. ८३२

मिति: २०६७/१/१७

**विषय: जिल्ला यातायात गुरुयोजना (DTMP) को तयारी तथा अध्यावधिक बारे**

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार र विभिन्न सात दातृ निकाय बीच भएको समझदारी अनुसार ग्रामीण यातायात पूर्वाधारहरुको दिगो विकास र व्यवस्थापनका लागि ग्रामीण यातायात पूर्वाधारको क्षेत्रमा क्षेत्रगत अवधारणा (Sector Wide Approach) अनुसार कार्यक्रमहरुको संचालन गर्ने गरी आवश्यक तयारीका कार्यहरु भैरहेको व्यहोरा अवगतै छ । उक्त अवधारणा अनुसार यातायात पूर्वाधार संबन्धि कार्यक्रमहरु जिल्ला यातायात गुरुयोजना (DTMP) अनुसार योजनाबद्ध रुपमा उपलब्ध शाधन श्रोत एवं प्राथमिकताका आधारमा निश्चित अवधी भित्रै सम्पन्न गर्ने गरी संचालन गर्नु पर्ने हुन्छ ।

विभाग तथा स्थानीय स्तरबाट हाल सम्म सबै जिल्लाहरुको जिल्ला यातायात गुरुयोजना प्रथम पटक तयार भै केही जिल्लाहरुको यातायात गुरुयोजनाको अध्यावधिक समेत भएको छ भने अधिकांश जिल्लाहरुको यातायात गुरुयोजनाको अवधि सकी अध्यावधिक गर्नु पर्ने अवस्थामा रहेको देखिन्छ । क्षेत्रगत अवधारणा अनुसार वर्तमान सन्दर्भमा यातायात क्षेत्रको विकासको लागि यातायातको सेवा नपुगेका क्षेत्र/बस्ती तथा मौसमी रुपमा मात्र यातायात सेवा पुगेका क्षेत्रमा सर्वयाम यातायात सेवा पुग्ने गरी नयाँ योजनाहरुको छनौट तथा विद्यमान सडकहरुको मर्मत संभारमा विशेष जोड दिनु पर्ने भएकोले सो अनुसार जिल्ला यातायात गुरुयोजनाको पुनरावलोकन एवं अध्यावधिक गर्नु पर्ने हुन्छ । यस क्रममा उक्त अवधारणा अनुसार DFID र SDC को सहयोगमा विद्यमान Approach Manual लाई Interim Guideline को रुपमा पुनरावलोकन समेत गरी सो अनुसार हाल ८ जिल्ला (झापा, मोरङ्ग, संखुवासभा, खोटाङ्ग, सिन्धुपाल्चोक, पर्वत, दैलेख र डडेलधुरा) को जिल्ला यायातयात गुरुयोजनाहरुको अध्यावधिक गर्ने कार्य संबन्धित जि.वि.स.को समन्वयमा भैरहेको र दातृ निकाय तथा संबन्धित कार्यक्रम मार्फत उक्त अवधारणा एवं परिमार्जित Interim Guideline अनुसार क्रमिक रुपमा अन्य सबै जिल्लाहरुको समेत जिल्ला यातायात गुरुयोजना अध्यावधिक गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै कुनै जिल्लामा तत्काल अध्यावधिक गर्न आवश्यक परेमा त्यस जिल्लामा संचालित कार्यक्रम (DRILP/RAIDP/RAP/RRRSDP) को सहयोग तथा समन्वयमा परिमार्जित Interim Guideline (www.dolidar.gov.np मा राखिएको) अनुसार मात्र गर्न गराउन समेत निर्देशानुसार अनुरोध छ ।

(सुशिल चन्द्र तिवारी)
सि.डि.ई.

बोधार्थ:
श्री जिल्ला प्राविधिक कार्यालय, सबै ।
श्री आयोजना/परियोजना समन्वय ईकाई, DRILP, RAIDP, RAP, RRRSDP, डोलिडार ।

फोन: ५५५५००१, ५५४७२६४, ५५४६३५५, ५५४९७३४, ५५५३९९३, ५०००११८ फ्याक्स: ५५३१८५०, ५०००००७, ५५४६३५४ ५५२१०२१
E-mail: dg@dolidar.wlink.com.np; info@dolidar.gov.np Website: www.dolidar.gov.np